आकाशवाणी समाचार- नेपाली
मितिः १५ अप्रेल २०२६
समयः ०९:२५ - ०९:३० बजे (*अवधिः ०५ मिनट*)

प्रमुख समाचार

१. प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका नेता नरेन्द्र मोदीले पश्चिम बंगालका भाजपा कार्यकर्ताहरूलाई चुनाव अघि बुथ-स्तरीय संगठनहरू बलियो बनाउन आग्रह गर्नुभएको छ।

२. वरिष्ठ भाजपा नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बंगालम भाजपा सत्तामा आयो भने राज्यमा 'लभ जिहाद' र 'बहुविवाह' जस्ता अभ्यासहरू प्रतिबन्धित गरिने बताउनु भएको छ।

३. कांग्रेस नेता तथा लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले पश्चिम बंगालको मालदामा एक चुनावी र्‍यालीमा तृणमूल कांग्रेस र भारतीय जनता पार्टीमाथि कडा हमला गर्नु भयो।

४. पश्चिम बंगाल विधानसभा चुनाउ- 2026 म राज्यमा मोठ 2 हजार 926 जना उम्मेद्वारहरू चुनावी मैदानमा छन्।

५. गोर्खा सांस्कृतिक संस्थान् खरसाङको तर्फबाट पहिलो वैशाखको कार्यक्रममा पद्मश्री प्रापक नरेन गुरुङसहित चारजनालाई सम्वर्द्धना जनायो।

पश्चिम बंगाल – प्रधानमन्त्री: 'मेरो बुथ'

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका नेता नरेन्द्र मोदीले पश्चिम बंगालका भाजपा कार्यकर्ताहरूलाई चुनाव अघि बुथ-स्तरीय संगठनहरू बलियो बनाउन आग्रह गर्नुभएको छ। बंगाली नयाँ वर्षको पूर्वसन्ध्यामा हिजो बुथ कार्यकर्ताहरूलाई प्रत्यक्ष सम्बोधन गर्नु हुँदै प्रधानमन्त्रीले "मेरो बुथ सबैभन्दा बलियो छ" (*मेरा बुथ सबसे मजबुत*) भन्ने नारामा जोड दिनुभयो। उहाँले पार्टी सदस्यहरूलाई प्रत्येक मतदान केन्द्रमा आफ्नो पूर्ण ऊर्जा समर्पित गर्न आह्वान गर्नु भयो।

अमित शाह - पश्चिम बंगाल

पश्चिम बंगालमा एक चुनावी र्‍यालीमा हिजो महत्वपूर्ण बयान दिनु हुँदै वरिष्ठ भाजपा नेता तथा केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले घोषणा गर्नु भयो, यदि आगामी विधानसभा चुनावमा भारतीय जनता पार्टी सत्तामा आयो भने, राज्यमा 'लभ जिहाद' र 'बहुविवाह' जस्ता अभ्यासहरू प्रतिबन्धित गरिनेछ। उहाँले भन्नु भयो, यस उद्देश्यका लागि, समान नागरिक संहिता लागू गरिनेछ।

मालदा जिल्लाको मानिकचकमा आयोजित एक सार्वजनिक सभालाई सम्बोधन गर्नु हुँदै श्री शाहले भन्नु भयो, वर्तमान प्रणाली अन्तर्गत केही व्यक्तिहरूलाई एकैसाथ चार विवाह गर्न अनुमति दिइएको छ, जबकि अरूलाई एकल विवाहमा प्रतिबन्धित गरिएको छ। यसलाई असमानता भन्नु हुँदै उहाँले भन्नु भयो, भाजपाको सरकार बनेपछि समान नागरिक संहिता लागू गरेर यो प्रणाली समाप्त गरिनेछ। उहाँले अझ भन्नु भयोप, राज्यमा 'लभ जिहाद' र 'भूमि जिहाद' जस्ता गतिविधिहरू पूर्ण रूपमा बन्द गरिनेछ।

तृणमूल कांग्रेसलाई लक्षित गर्दै, गृहमन्त्रीले विगत पन्ध्र वर्षमा भएका भ्रष्टाचारका घटनाहरूको बारेमा कडा चेतावनी दिनु भयो। उहाँले चुनावी नतिजाको घोषणा र नयाँ सरकार गठनपछि भ्रष्टाचारमा संलग्न प्रत्येक व्यक्तिलाई जेल पठाइने प्रतिबद्धता व्यक्त गर्नु भयो।

पश्चिम बंगाल चुनाव अभियान

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदानको लागि भाजपाले आफ्नो चुनावी अभियान तीव्र बनाएको छ। पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज राज्यमा धेरै सार्वजनिक सभाहरूलाई सम्बोधन गर्नु हुनेछ। उहाँले आज दार्जिलिङ, जलपाइगुडी, अलिपुरद्वार र कुचबिहार जिल्लाहरूमा पार्टी उम्मेदवारहरूको समर्थनमा धेरै सार्वजनिक सभाहरूमा भाग लिनुहुनेछ। उहाँ दार्जिलिङ शहरको लेबोङ मैदानमा एक र्‍यालीमा भाग लिनुहुनेछ, त्यसपछि जलपाइगुडी जिल्लाको राजगंजमा एक सभामा भाग लिनुहुनेछ। पछि, अमित शाहले अलिपुरद्वार जिल्लाको फालकाटा मिल रोड मैदानमा एक र्‍यालीमा भाग लिनुहुनेछ। उनी कुचबिहार जिल्लाको तुफानगंजको कालीबारी आरएमसी मैदानमा एक सार्वजनिक सभामा पनि भाग लिनुहुनेछ।

राहुल गान्धी -बंगाल

कांग्रेस नेता तथा लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले हिजो पश्चिम बंगालको मालदामा एक चुनावी र्‍यालीमा तृणमूल कांग्रेस र भारतीय जनता पार्टीमाथि कडा हमला गर्नु भयो। उहाँले तृणमूलमाथि राज्यमा "गुण्डा-राज" चलाएको आरोप लगाउनु भयो। मालदाको चंचलस्थित कलाम बागानमा आयोजित सार्वजनिक सभामा बोल्नु हुँदै श्री राहुलले भन्नु भयो, तृणमूल कांग्रेसको शासनकालमा राज्यमा उद्योग र व्यापार ध्वस्त भएको छ। पाँच लाख रोजगारीको वाचालाई "झूटो" भन्दै उहाँले हजारौं युवाहरू अझै पनि रोजगारीको पर्खाइमा रहेको दाबी गर्नु भयो। कांग्रेस नेताले आरोप लगाउनु भयो भाजपाले राष्ट्रिय स्तरमा हिंसा फैलाइरहेको छ भने, यो तृणमूल कांग्रेस हो जसले यहाँ राज्यमा हिंसा फैलाउने काम गरिरहेको छ।

राज्यमा मोठ 2 हजार 926 जना उम्मेद्वारहरू चुनावी मैदानमा

भारत निर्वाचन आयोगले पश्चिम बंगाल विधानसभा चुनाउ- 2026 लाई लिएर महत्वपूर्ण जानकारी जारी गर्दै बतायो, राज्यमा मोठ 2 हजार 926 जना उम्मेद्वारहरू चुनावी मैदानमा छन्। यो आँकड़ा नामाङ्कन फिर्ता लिने अन्तिम दिनपछि जारी गरिएको हो। आयोग अनुसार गत 15 मार्च, 2026-मा असम, केरल, पुडुचेरी, तमिलनाडु औ पश्चिम बंगाल विधानसभाको आम चुनाउ तथा 6 वटा राज्यहरूमा उप चुनाउको कार्यक्रम घोषित गरिएको थियो। पश्चिम बंगालमा दोस्रो चरणको लागि नामाङ्कन दर्ता गर्ने अन्तिम तिथि गत 9 अप्रेल, 2026-सम्म तय गरिएको थियो भने 10 अप्रेलमा नामाङ्कन पत्रहरूको जाँच भयो। उम्मेद्वारहरूलाई आफ्नो नामाङ्कन पत्र फिर्ता लिनका लागि गए 13 अप्रेल, 2026-को अपरान्ह 3 बजेसम्मको समय दिइएको थियो। नामाङ्कन फिर्ताको प्रक्रिया पूरा भएपछि जारी आँकड़ा अनुसार पश्चिम बंगालको पहिलो चरणमा 152 वटा विधानसभा सीटहरूको लागि 01 हजार 478 जना उम्मेद्वाहरू मैदानमा छन्। दोस्रो चरणमा 142 वटा सीटको लागि 01 हजार 448 जना उम्मेद्वारहरूले चुनाउ लड़िरहेका छन्। यसरी दुवै चरणलाई मिलाएर मोठ 2 हजार 926 जना उम्मेद्वारहरू चुनावी दौड़मा सामेल भएका छन्। आयोगले बतायो, रिटर्निंग अधिकारीहरूले चुनाउ संचालन नियम, 1961 अन्तर्गत सबै उम्मेद्वारहरूको अन्तिम सूची सरकारी राजपत्रमा प्रकाशित गर्नेछन्। साथै प्रत्येक निर्वाचन क्षेत्रमा नामाङ्कन, जाँच तथा नाम फिर्तासित सम्बन्धित सबै दस्तावेजहरूलाई सुरक्षित रूपमा सीलबन्द राखिनेछ। आयोगले स्पष्ट पार्‍यो, ईभीएमको ब्यालेट यूनिटमा उम्मेद्वारहरूको रंगीन फोटो, क्रम संख्या, नाम र चुनाउ चिन्ह ठूलो अक्षरहरूमा प्रदर्शित गरिनेछ ताकि मतदाताहरूलाई कुनै पनि प्रकारको असुविधा नहोस्।

बंगाली नयाँ वर्ष

विश्वभरका बंगालका मानिसहरूले नयाँ वर्ष १४३३ लाई स्वागत गर्दै परम्परागत उत्साह र उत्साहका साथ पोइला बैशाख मनाइरहेका छन्। पश्चिम बंगालमा, भक्तहरूले कालीघाट काली मन्दिर र दक्षिणेश्वर काली मन्दिरसहित विभिन्न मन्दिरहरूमा शान्ति, खुशी र समृद्धिको लागि प्रार्थना गरिरहेका छन्। राज्यभरका बजारहरू चहलपहलले भरिएका छन्। व्यापारीहरूले परम्परागत 'हल खता' समारोहको एक भागको रूपमा नयाँ खाता खोलिरहेका छन् र ग्राहकहरूलाई मिठाईले स्वागत गरिरहेका छन्। राज्यभरका भोजनालयहरूले आफ्ना संरक्षकहरूलाई परम्परागत बंगाली परिकारहरू सेवा गरिरहेका छन्। यो शुभ अवसर मनाउन विभिन्न स्थानमा सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिएका छन्।

गोर्खा सांस्कृतिक संस्थान

गोर्खा सांस्कृतिक संस्थान् खरसाङको आयोजनामा हिजो खरसाङमा पहिलो वैशाख हर्षोल्लासका पालन गरियो। कार्यक्रमको शुभारम्भ भव्य सांस्कृतिक शोभायात्रा निकालेर गरियो, जुन खरसाङको नयाँ बजारस्थित डब्ल्युबीएनभीएफ खेल मैदानमा पुगेर एक सम्वर्द्धना कार्यक्रममा परिणत बनेको थियो। सम्वर्द्धना कार्यक्रमको अध्यक्षता गोर्खा सांस्कृतिक संस्थान् खरसाङकी अध्यक्षा आशा मुखिया लामाले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा पद्मश्री प्रापक पर्यावरणविद् एवं वैज्ञानिक डा एकलव्य शर्मा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा विशिष्ट अतिथिका रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा तथा विशिष्ट अतिथिको रुपमा वरिष्ठ साहित्यकारहरु डीएस दर्नाल, जीबी बल, युवराज काफ्ले उपस्थित थिए।

खरसाङमा अम्बेडकर जयन्ती

खरसाङमा पार्वत्य तराई अनुसूचित जाति संयुक्त मञ्चको आयोजनामा हिजो बाबासाहेब डा भीमराव अम्बेडकरको 136 औं जयन्ती पालन गरियो। खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा आयोजित कार्यक्रमको अध्यक्षता मञ्चका उपाध्यक्ष तारकेश्वर रावतले गर्नु भएको थियो भने कार्यक्रममा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा मुख्य र जीटीएका सल्लाहकार अमर लामा विशिष्ट अतिथि हुनुहुन्थ्यो। कार्यक्रममा प्रमुख अतिथि थापा र दार्जिलिङका वरिष्ठ संगीतकार चन्दन लम्जेललाई पार्वत्य तराई अनुसूचित जाति संयुक्त मञ्चको तर्फबाट सम्वर्द्धना जनाइयो। यसका साथै, डा भीमराव अम्बेडकर फेलोशिप प्रापक मञ्चका सभापति रवि तोलङ्गी र प्रकाश सेवालाई पनि स्मृति चिन्ह प्रदान गरेर सम्मान जनायो। कार्यक्रमलाई अमर लामाले सम्बोधन गर्नु भएको थियो| कार्यक्रममा डा भीमराव अम्बेडकरको जीवनी र योगदान विषयमा सिलगढीका बीबी बिश्वकर्माले वार्ता प्रस्तुत गर्नु भएको थियो।

बन्दना राईमाथि हमला

खरसाङ विधानसभा समष्टिको लागि इण्डियन गोर्खा जनशक्ति फ्रण्टकी उम्मेदवार बन्दना राईमाथि हमला भएको जानकारी प्रकाशमा आएको छ। हमला उहाँ लगायत उनका समर्थक नेहुर बालासन क्षेत्रमा चुनावी प्रचारको क्रममा भएको उम्मेदवार राई स्वयंले आफ्नो सामाजिक सञ्जालको पेजमा एक भिडियोमार्फत जनाउनु भएको छ।

अनित थापाको प्रतिक्रिया

खरसाङ विधानसभा समष्टिको लागि इण्डियन गोर्खा जनशक्ति फ्रण्टकी उम्मेदवार बन्दना राईमाथि बालासनमा भएको कथित हमलालाई लिएर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अनित थापाले प्रतिक्रिया दिनु भएको छ। उहाँले भन्नु भयो, पुलिस प्रशासनको कार्य एकदमै ढिलो भइरहेको छ। दोषी पक्रा नपरेको कारण बदमास गर्नेहरूको मनोबल बढेर गइरहेको छ।'

****** ० ******